जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ४४ २०८३ साल भदौ २३ गते मंगलबार (8 Sep 2026 Tuesday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : व्यवसायिक लागि पुनरुत्थान ... ३ पृष्ठमा : कुस्ती, संघर्ष र ... ३ पृष्ठमा :होर्मुज जलडमरूमध्य नजिक ...

# जेनजी आन्दोलनको एक वर्ष पुरा

# सप्तरीमा भौतिक संरचनाको पुननिर्माणको काम अघि बढ्न सकेन





जेनजी आन्दोलनका क्रममा राजविराज नगरपालिकाको भवन तथा त्यहा रहेका सवारीसाधनमा गरिएको आगजनीको दृश्य । *फायल तस्बिर : राजविराज दैनिक*










जेनजी आन्दोलनका क्रममा राजविराजस्थित काँग्रेस, एमाले, जनमत पार्टीको कार्यालयमा गरिएको आगजनी तथा पत्रकार महासंघ सप्तरीको कार्यालयमा ढुंगामुढा गरि तोडिएका झ्याल । *फायल तस्बिर*

**नवीनकुमार गुप्ता**
**राजविराज, २२ भदौ ।**

नेपालमा जेनजी आन्दोलनको आज एक वर्ष पुरा भएको छ । मुलुकमा सुशासन र भ्रष्टाचारविरुद्ध नवपुस्ताको आह्वानमा गत वर्ष भदौं २३ गते काठमाडौंबाट सुरु भएको उक्त आन्दोलनका क्रममा ७६ जनाले शहादत प्राप्त गरेका थिए । पहिलो दिन १९ जना गरि आन्दोलन अवधीमा ७६ जनाले सहादत प्राप्त गरेका थिए ।

सोही आन्दोलनमा शहीद भएकाहरुको सम्झनामा भदौ २३ गते मंगलबार सरकारले देशभरी सार्वजनिक बिदा दिएको छ । भदौ २३ गते काठमाडौंबाट सुरु भएको उक्त आन्दोलन बिस्तारै मुलुकभर फैलिएको थियो । भदौं २४ गते भएको आन्दोलनका क्रममा संसद भवन, सिंहदरबार, विभिन्न पार्टी कार्यालय, शिर्ष नेताहरुको घर, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको निवासमा आगजनीका साथै उनीमाथी कुटपिट तथा उनका श्रीमती एवं पूर्वपर्राष्ट्र मन्त्री आरजु देउवमाथी कुटपिट लगायतका घटना भएको थियो । आन्दोलनका क्रममा विभिन्न पार्टीका नेताहरुमाथी हातपात, उनीहरुको निवास, गाडी लगायतमा तोडफोडका घटना भएको थियो ।

जेनजी आन्दोलनको एक बर्ष बितिसक्दा पनि सप्तरीमा पुर्ण रुपमा क्षतिग्रत सरकारी कार्यालयको भने निर्माण हुन सकेको छैन् ।

सामान्य क्षति पुगेका कार्यालयहरुले आफ्नै स्रोतबाट सेवाप्रवाह सुचारु गरेको भएपनि पुर्ण रुपमा क्षतिग्रत भएका कार्यालयहरु भने यथाअवस्थामै रहेको जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवले बताए ।



जेनजी आन्दोलनका क्रममा सप्तरी जिल्ला अदालतमा रहेका सवारीसाधनमा गरिएको आगजनीको दृश्य । *फायल तस्बिर*

उनले पूर्णरुपमा जलेका सवारीसाधनहरुको लगत कट्टाका लागि पहल गरिएको भन्दै पुनर्निमाणको बारेमा कुनै प्रक्रिया अगाडी नबढेको जानकारी दिए ।

जिल्लाको सरकारी कार्यालयहरु मध्ये सबै भन्दा बढी क्षति भएका राजविराज नगरपालिकाको भवन अहिले सम्म गत भदौ २४ गतेकै अवस्थामा छ । जेनजी आन्दोलनको क्रममा भएको आगजनीका कारण भवनमा बसेर काम गर्ने अवस्था नरहेको कार्यवाहक नगरप्रमुख इसरत परवीनले बताईन् । उनले नयाँ भवन निर्माणका लागि स्टीमेट बनाएर पठाए पनि संघ र प्रदेश सरकारले कुनै चासो नदेखाएको गुनासो समेत पोखिन् ।

"पुनर्निमाणका लागि कतैबाट सहयोग प्राप्त भएन, नगरपालिकाले आफ्नै स्रोतबाट नयाँ भवन बनाउने प्रक्रिया अगाडी बढाएको छ, जसको लागि ७ करोड बजेट समेत विनियोजन गरिएको छ" उनले भनिन् ।

भवनकै अभावमा राजविराज नगरपालिका अहिले भाडा लगाएर आम्दानी गर्दै आएका सटरहरुमा विभिन्न फाँट राखेर सेवा प्रवाह गर्दै आएको उनले जानकारी दिए ।

गत वर्ष भदौ २४ गते सप्तरी सदरमुकाम राजविराजस्थित विभिन्न सरकारी कार्यालय र त्यहाँ रहेका सवारीसाधनहरुमा आगजनी, विभिन्न राजनीतिक दलका कार्यालय तथा जनप्रतिनिधिहरुको घरमा तोडफोड र आगजनी भयो । प्रदर्शनकारीले नेपाल पत्रकार महासंघ शाखा सप्तरीको भवनमा तोडफोड समेत गरेका थिए ।

जेनजी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडको घट्नामा सप्तरीको विभिन्न पालिका र जिल्लास्थित सरकारी कार्यालयमा गरी ७५ करोड भन्दा बढीको क्षती भएको थियो । आन्दोलनका क्रममा जिल्लास्थित पालिका र सरकारी कार्यालयमा भएको तोडफोड र आगजनीबाट ७५ करोड ४५ लाख २ हजार ८३ रुपैया बराबरको कुल क्षती भएको प्रहरी तथ्याङ्कले देखाएको थियो ।

तोडफोड आगजनीबाट जिल्ला भरका सरकारी कार्यालयका १ सय १३ वटा चार पाँग्रे र १ सय ११ वटा मोटरसाईकल समेत पुर्णरुपमा नष्ट भएको सप्तरी प्रहरीले तयार पारेको क्षतीग्रस्त संरचनाको सँख्यात्मक लगत विवरणमा देखिएको छ ।

आन्दोलकारीले गरेको तोडफोड र आगजनीबाट सर्वाधिक क्षती राजविराज नगरपालिका कार्यालयलाई पुगेको थियो । यस कार्यालयमा ३० करोड बराबरको क्षती भएको प्रहरीले खडा गरेको लगत विवरणले देखाएको थियो ।

सप्तरी जिल्ला अदालत राजविराजमा ७ करोड ५५ लाख, उच्च अदालत जनकपुर-राजविराज इजलाशमा ६ करोड ५० लाख, भौतिक पुर्वाधार विकास कार्यालयमा ४ करोड २५ लाख, संघन शहरी तथा भवन निर्माण आयोजना कार्यालयमा २ करोड ४३ लाख ७५ हजार, शहरी विकास कार्यालयमा २ करोड १५ लाख, उच्च सरकारी वकिल कार्यालयमा २ करोड ७ लाख ८ सय ४० तथा जिल्ला निर्वाचन कार्यालयमा १ करोड ४७ हजार ४ सय ९९ रुपैयाको क्षती भएको थियो ।

यस्तै नापी कार्यालयमा १ करोड ४५ लाख ११ हजार, डिभिजन बन कार्यालयमा १ करोड ७१ लाख ८१ हजार ९ सय ४०, माटो तथा मल परिक्षण प्रयोगशाला कार्यालयमा १ करोड २१ लाख ४९ हजार ७ सय २३, बोदेबर्साइन नगरपालिका कार्यालयमा ९० लाख, करदाता सेवा कार्यालय राजविराजमा ७ लाख, यातायात व्यवस्था कार्यालयमा ७० लाख, जिल्ला सरकारी वकिल कार्यलयमा ६१ लाख २५ हजार, जिल्ला समन्वय समितीमा ५० लाख, खडक नगरपालिका कार्यालयमा ६८ लाख ८३ हजार ५ सय, सप्तरी कारागार कार्यालयमा ४० लाख र जिल्ला हुलाक कार्यालयमा ३८ लाख ३१ हजार २० रुपैया बराबरको सम्पती नष्ट भएको थियो ।

यसैगरि राजविराज नगरपालिकाको ६ नम्बर वडा कार्यालयमा ४० लाख, ट्राफिक कार्यालयमा १८ लाख, अग्नीसाईर कृष्णासबरण गाउँपीलका कार्यालयमा १७ लाख, राजविराज नगरपालिका वडा नं. ४ कार्यालयमा २८ लाख, महदेवा गाउँपालिका वडा नं. ४ कार्यालयमा २५ लाख, बोदेवर्साइन नगरपालिकाको वडा नं. ५ को कार्यालय, हनुमाननगर कंकालिनी नगरपालिकाको वडा नं. १ को कार्यालय, बोदेबर्साइन नगरपलिकाको १० नम्बर वडा कार्यालय र कंचनरुप नगरपालिकाको कार्यालयमा १५/१५ लाख बराबरको क्षती भएको मुल्याङ्कन गरिएको थियो ।

बलानविहुल गाउँपालिकाको कार्यलयमा ११ लाख, इलाका प्रहरी कार्यालय बोदेबसाईनमा १२ लाख, जिल्ला समन्वय तथा सुचना प्रहरी युनिटमा १५ लाख, राजगढ गाउँपालिका कार्यालयमा १० लाख ५३ हजार, विष्णुपुर गाउँपालिका कार्यालयमा १० लाख, भुमि समस्या समाधान आयोग कार्यालयमा ९ लाख ९५ हजार १ सय, इलाका प्रशासन कार्यालय

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय ....

# परिवर्तनको चाहनालाई सम्मान गर्न प्राथमिकतामा राख्नुपर्छ

नेपालमा युवापुस्ताको असन्तुष्टि, आक्रोश र परिवर्तनको चाहनालाई लिएर जेनजी आन्दोलनको एक वर्ष पूरा भएको छ । विशेषगरी भ्रष्टाचार, बेथिति, दण्डहीनता, बेरोजगारी, अवसरको अभाव र राजनीतिक नेतृत्वप्रतिको निराशाका कारण नयाँ पुस्ता सडकमा उत्रिएका थिए । जेनजी आन्दोलनले राज्य र राजनीतिक दलहरूलाई एउटा स्पष्ट रुपमा पुरानै शैलीमा देश चलाउन सम्भव छैन भन्ने सन्देश दिएको थियो । सूचना प्रविधि र सामाजिक सञ्जालसँग जोडिएको नयाँ पुस्ताले पारदर्शिता, जवाफदेहिता र सुशासन खोजिरहेकाले उनीहरू केवल आश्वासन होइन, व्यवहारमा परिवर्तन देख्न चाहन्छन् ।

एक वर्षअघि भएको आन्दोलनले देशको राजनीतिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा गहिरो प्रभाव पारेको थियो । आन्दोलनले उठाएका सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र राजनीतिक सुधारका मुद्दा अझै पूर्ण रूपमा सम्बोधन हुन सकेका छैनन् । आन्दोलनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन, पीडितलाई न्याय तथा दोषीमाथि कारबाहीका विषयमा पनि राज्यले स्पष्ट र प्रभावकारी परिणाम देखाउन आवश्यक छ । कुनै पनि आन्दोलनको सफलता केवल सरकार वा नेतृत्व परिवर्तनमा मापन गर्न सकिँदैन । वास्तविक सफलता राज्यको कार्यशैली, राजनीतिक संस्कार र नागरिकको जीवनमा आएको सकारात्मक परिवर्तनमा देखिनुपर्छ । जेनजी आन्दोलनले देखाएको ऊर्जा र चेतनालाई संस्थागत सुधारमा रूपान्तरण गर्नु मुख्य चुनौती रहेको छ ।

तसर्थ युवापुस्ताको आवाजलाई बेवास्ता गर्नु अब राज्यका लागि सम्भव छैन । जेनजी आन्दोलनको बलिदान, संघर्ष र परिवर्तनको चाहनालाई सम्मान गर्न सरकार र राजनीतिक नेतृत्वले सुशासन, न्याय र जवाफदेहितालाई प्राथमिकतामा राख्नुपर्छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# व्यवसायिक लागि पुनरुत्थान प्याकेज : करमा पूर्ण छुटदेखि सहुलियतपूर्ण कर्जासम्म

काठमाडौं, २२ भदौ (रासस) ।

सरकारले भोटेकोशी बाढीबाट प्रभावित उद्योग, व्यापार, व्यवसाय तथा आर्थिक गतिविधिलाई पुनः सञ्चालनमा ल्याउन व्यवसाय पुनरुत्थान 'प्याकेज' घोषणा गरेको छ ।

गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा बाढीपीडित व्यवसायिका लागि राहत, कर छुट, भन्सार महसुल छुट, ऋण तथा ब्याजमा सहुलियत र बीमा दाबी भुक्तानीलाई सहज बनाउने निर्णय गरेको हो ।

नेपाल-चीन सीमाक्षेत्रमा यहि भदौ १० गते आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा उद्योग, व्यापार, व्यवसाय र ढुवानी क्षेत्रमा ठूलो क्षति पुगेपछि सरकारले व्यवसाय पुनरुत्थानको पहिलो चरणअन्तर्गत यस्तो प्याकेज ल्याएको हो ।

**क्षतिग्रस्त व्यावसायिक सवारी पुनः आयातमा महसुल छुट**

बाढीका कारण मर्मत तथा सम्भार गर्न नसकिने गरी क्षतिग्रस्त भएका वा बाढीले बगाएर हराएका व्यावसायिक सवारी तथा ढुवानी साधनका धनीलाई सरकारले राहत दिने भएको छ । त्यस्ता सवारी तथा ढुवानी साधनको पुरानो दर्ता खारेज गरी सोही प्रकृतिको नयाँ साधन पुनः आयात गर्दा भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट दिइनेछ । यस व्यवस्थाले बाढीबाट सवारी साधन गुमाएका व्यवसायीलाई नयाँ सवारी खरिद गरी व्यवसाय पुनः सञ्चालन गर्न सहयोग पुग्ने सरकारको अपेक्षा छ ।

**प्लाण्ट, मेशिनरी र उपकरण आयातमा पनि महसुल छुट**

बाढीका कारण मर्मत तथा सुधार गर्न नसकिने गरी नष्ट भएका प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको पुनः आयातमा समेत सम्पूर्ण भन्सार महसुल छुट दिइने भएको छ । प्राकृतिक व्यक्ति वा निकायको बाढीबाट नष्ट भएको प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको प्रकृति मिल्ने सामान आयात गर्दा यस्तो छुट पाउनेछन् । तर नयाँ आयातको परिमाण बाढीबाट नष्ट भएको परिमाणभन्दा बढी हुन पाउने छैन । यस व्यवस्थाले उद्योग तथा व्यवसायमा प्रयोग हुने महँगा मेसिन तथा उपकरण नष्ट भएका व्यवसायीलाई पुनः लगानी गर्न सहज हुने अपेक्षा गरिएको छ ।

**बाटैमा नष्ट भएका आयातित वस्तुको महसुल समायोजन**

बाढीका कारण गन्तव्यमा पुग्नुअघि नै नष्ट भएका आयातित वस्तुको भन्सार महसुलसमेत समायोजन गरिने भएको छ । भन्सार कार्यालयमा महसुल बुझाइसकेका तर भदौ १० गतेको बाढीका कारण गन्तव्यमा पुग्नुअघि नै वस्तु नष्ट भएका आयातकर्ताले सोही प्रकृतिको वस्तु पुनः आयात गर्दा पहिले तिरेको महसुल बराबरको रकम समायोजन गर्न पाउनेछन् । यस्तो सुविधा लिन भने नष्ट भएको वस्तुका स्थानमा सोही प्रकृतिको वस्तु छ महिनाभित्र कुनै पनि भन्सार कार्यालयबाट आयात गर्नुपर्नेछ ।

**कर विवरण र कर दाखिलाको म्याद थप**

बाढीबाट प्रभावित व्यवसायीलाई करसम्बन्धी प्रक्रिया पूरा गर्न पनि सरकारले समय थप गरेको छ । प्रभावित करदाताले कर विवरण पेश गर्ने तथा कर दाखिला गर्ने म्याद २०८३ साल कात्तिक २५ गतेसम्म थप गरिएको छ । बाढीका कारण कार्यालय, अभिलेख, लेखा प्रणाली तथा व्यवसाय सञ्चालनमा समस्या परेका करदातालाई यसबाट राहत पुग्नेछ ।

**क्षतिग्रस्त सम्पत्तिको मूल्य अभिवृद्धि कर दाबी सहज**

बाढीबाट क्षतिग्रस्त भएका व्यावसायिक सम्पत्तिमा लाग्ने मूल्य अभिवृद्धि कर (मू.अ.कर) दाबी तथा समायोजन प्रक्रियालाई पनि सरल बनाइने भएको छ ।

त्यसैगरी, पूर्ण रूपमा क्षति भएका व्यावसायिक सम्पत्तिको मूल्यलाई एकमुष्ठ खर्चकट्टी गर्न सकिने व्यवस्था गरिएको छ । आंशिक रूपमा क्षति भएका सम्पत्तिको मर्मतमा लागेको खर्चमा आयकर ऐनको दफा १६ (२) अन्तर्गतको सीमासमेत लागू नहुने व्यवस्था गरिएको छ । यसबाट बाढी प्रभावित व्यवसायीले क्षतिग्रस्त भवन, उपकरण, मेसिन तथा अन्य व्यावसायिक सम्पत्तिको मर्मत र पुनःस्थापनामा भएको खर्चलाई कर प्रयोजनमा समायोजन गर्न सहज हुनेछ ।

**प्रभावित व्यक्तिलाई आयकरमा पूर्ण छुट**

बाढीबाट प्रभावित व्यक्तिले आय वर्ष २०८२/८३ को आयकरमा पूर्ण छुट पाउने व्यवस्था गरिएको छ । त्यसका लागि सम्बन्धित प्रभावित व्यक्तिले तोकिएको विवरण पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**स्थानीय कर र शुल्कमा पनि सहुलियत**

बाढीबाट प्रभावित व्यवसायीलाई प्रदेश तथा स्थानीय तहबाट समेत स्थानीय कर र शुल्कमा सहुलियत उपलब्ध गराउन सरकारले अनुरोध गर्ने भएको छ । संघीय सरकारले घोषणा गरेको राहतसँगै प्रदेश तथा स्थानीय तहबाट समेत कर तथा शुल्कमा सहुलियत उपलब्ध भए व्यवसाय पुनः सञ्चालनको लागत घट्ने अपेक्षा गरिएको छ ।

**बैंक कर्जा पुनःसंरचना र पुनर्तालिकीकरण**

बाढीका कारण आर्थिक क्षति व्यहोरेका व्यवसायीको बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जालाई पुनरसंरचना वा पुनर्तालिकीकरण गर्ने व्यवस्था गरिएको छ । विशेषगरी रसुवा भन्सारबाट आयात भएका वस्तुको क्षतिसँग सम्बन्धित कर्जालाई पुनरसंरचना तथा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था गरिएको छ । बाढी प्रभावित ऋणीको बैंक कर्जाको साँवा तथा ब्याजसमेत एकपटक पुनरसंरचना वा पुनर्तालिकीकरण गर्न सकिनेछ । यसबाट तत्काल किस्ता तथा ब्याज भुक्तानी गर्न नसक्ने व्यवसायीलाई केही समयको वित्तीय दबाब कम हुने अपेक्षा गरिएको छ ।

**सवारी र उपकरण पुनः खरिदका लागि सहुलियत कर्जा**

बाढीबाट क्षति भएका सवारी, ढुवानी साधन, यन्त्र तथा उपकरण पुनः खरिद गर्न व्यवसायीलाई सहुलियत कर्जा उपलब्ध गराइने भएको छ । नेपाल राष्ट्र बैंकले यस्तो कर्जासम्बन्धी आवश्यक व्यवस्था गर्नेछ । त्यस्तै, उद्योग तथा व्यापार पुनरुत्थान र रोजगारी संरक्षणका लागि प्रभावित व्यवसायीलाई थप कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ । बाढी प्रभावित व्यवसायीले पाउने सहुलियत कर्जामा एक वर्षसम्म आधारदरमा अधिकतम शून्य दशमलव ५ प्रतिशत बिन्दु थप गरी सहुलियत ब्याजदर कायम गर्ने व्यवस्था गरिएको छ । यसबाट व्यवसायीलाई पुनः लगानी गर्न र व्यवसाय सञ्चालनको कार्यशील पुँजी व्यवस्थापन गर्न तुलनात्मक रूपमा सस्तो कर्जा उपलब्ध हुने सरकारको अपेक्षा छ ।

**बिमा दाबी भुक्तानी पनि सहज**

बाढीबाट भएको क्षतिको बीमा दाबी भुक्तानीलाई छिटो र सहज बनाउन नेपाल बीमा प्राधिकरणले विशेष व्यवस्था गर्ने भएको छ । क्षतिको बीमा दाबी मूल्याङ्कनका लागि सरल प्रक्रियाबाट सर्भेयर खटाइनेछ । प्रारम्भिक मूल्याङ्कनका आधारमा बीमितलाई ५० प्रतिशतसम्म अग्रिम दाबी भुक्तानी उपलब्ध गराउने व्यवस्था गरिएको छ । बाढीबाट ठूलो क्षति भएका व्यवसायीलाई बीमा रकम प्राप्त गर्न लामो समय कुर्नुपर्ने अवस्था अन्त्य गर्ने उद्देश्यले संक्षिप्त दाबी भुक्तानी कार्यविधि शीघ्र तर्जुमा गरी लागू गरिनेछ ।

**सिएसआर रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दिन सकिने**

सरकारले निजी क्षेत्रलाई विपद् प्रभावितको राहत तथा पुनरुत्थानमा थप योगदान गर्न प्रोत्साहन गर्ने व्यवस्था पनि गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) कोष स्थापना गरेका निकायले आर्थिक वर्ष २०८३/८४ मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गरेको रकमलाई समेत सीएसआर खर्चका रूपमा मान्यता दिइने भएको छ । यसका लागि सम्बन्धित ऐन, नियम तथा निर्देशिका आवश्यकताअनुसार परिमार्जन गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउनेछन् ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार सरकारले घोषणा गरेको यो प्याकेज व्यवसाय पुनरुत्थान योजनाको पहिलो चरण हो । यसमा तत्काल राहत, कर तथा महसुल छुट, कर सहुलियत, कर्जा पुनरसंरचना, सहुलियत ब्याजदर, नयाँ कर्जा, बीमा दाबी भुक्तानी र सीएसआर परिचालनलाई प्राथमिकता दिइएको छ । भोटेकोशी बाढीका कारण व्यापारिक प्रतिष्ठान, उद्योग, ढुवानी व्यवसाय, मेसिन तथा उपकरण र आयातित वस्तुमा ठूलो क्षति पुगेको अवस्थामा व्यवसायीलाई पुनः सञ्चालनमा ल्याउन सरकारले वित्तीय तथा करसम्बन्धी बोझ घटाउने नीति लिएको हो । सरकारले राहत प्याकेज कार्यान्वयनका लागि भन्सार विभाग, आन्तरिक राजस्व विभाग, नेपाल राष्ट्र बैंक र नेपाल बीमा प्राधिकरणलाई सम्बन्धित जिम्मेवारी दिएको छ । सरकारले तत्कालीन राहतसँगै प्रभावित व्यवसाय तथा रोजगारीलाई पुनःस्थापित गर्ने उद्देश्यले व्यवसाय पुनरुत्थान योजनाका थप चरणसमेत अघि बढाउने जनाएको छ ।

# रसुवा बाढी : एक हजार ३५५ को मृत्यु

काठमाडौं, २२ भदौ (रासस) ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले रसुवा बाढीमा परी ज्यान गुमाएकामध्ये हालसम्म एक हजार ३५५ जनाको शव फेला परेको जनाएको छ ।

प्राधिरकणका अनुसार फेला परेका शवमध्ये विभिन्न मानव अङ्गसमेत समावेश छन् । हालसम्म ९८ शवको सनाखत गरी आफन्तलाई बुझाइएको प्राधिकरणको तथ्याङ्क छ ।

प्राधिकरणका प्रवक्ता शान्ती महतले रसुवामा १६९, नुवाकोटमा १९७, धादिङमा ७०, गोरखामा ७५, तनहुँमा ३८, चितवनमा ३६३, नवलपरासी पूर्वमा २२२ र नवलपरासी पश्चिममा २२१ शव फेला परेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बाढीमा परी करिब चार हजार ९९६ जना सम्पर्कविहीन रहेको विवरण छ । रसुवा जिल्ला प्रशासन कार्यालयबाट करिब एक हजार ९६७ जना र नुवाकोटबाट करिब दुई हजार ३४० नेपाली सम्पर्कविहीनको विवरण अद्यावधिक छ ।"

उहाँका अनुसार, सुरक्षाकर्मी तथा कर्मचारी करिब १०० र विदेशी नागरिक करिब ५८९ जना सम्पर्कविहीन रहेको तथ्याङ्क छ । यसबीच बाढीमा फसेकाहरुमध्ये हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको छ ।

प्राधिकरणका अनुसार छ हजार ६७२ जना घाइतेको उपचार गरिएको छ । ती मध्ये विभिन्न अस्पतालमा ३२३ जनाको उपचार भएकामा २२८ जना उपचारपछि फर्कनुभएको छ ।

प्रभावित क्षेत्रमा स्थापना गरिएका ३९ वटा होल्डिङ सेन्टरमा अहिले तीन हजार ५३३ जना बाढी प्रभावित रहनुभएको छ । ती मध्ये रसुवामा ६६९, नुवाकोटमा दुई हजार ६५१ र धादिङमा २१३ जना रहेका प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका अनुसार उद्धार, राहत तथा सुरक्षा व्यवस्थापनका लागि २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन गरिएको छ ।

नेपाली सेनाका नौ हजार २८७, नेपाल प्रहरीका सात हजार ९१२ र सशस्त्र प्रहरी बलका चार हजार २०३ जना सुरक्षाकर्मी बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार र राहतका लागि परिचालित छन् ।

# कुस्ती, संघर्ष र लोकआस्था: दिनाभद्रीको गाथा संकटमा

**राजु विश्वकर्मा**
जनकपुरधाम, २२ भदौ (रासस) ।

मिथिला क्षेत्रका शोषित र उत्पीडित समुदायका लोकनायक मानिने दिनाभद्रीको लोकगाथा संरक्षण अभावमा विस्तारै हराउँदै गएको छ । विशेषगरी, मुसहर समुदायमा पुस्तौंदेखि गाइँदै आएको यो गाथा अहिले नयाँ पुस्तासम्म पुग्न नसक्ने खतरा बढेको भन्दै स्थानीय बुद्धिजीवी र इतिहासविद्ले चिन्ता व्यक्त गरेका छन् ।

लोककथाअनुसार सप्तरीको जोगिया जाँजर गाउँमा जन्मिएका दिना र भद्री दाजुभाइ अत्यन्त बलवान, साहसी र न्यायप्रिय थिए । उहाँहरु कुस्ती खेलमा निपुण थिए र सामन्ती शोषणविरुद्ध खुलेर उभिने गर्थे । मजदुरलाई स्वतन्त्र रूपमा काम गर्न प्रेरित गर्नु, अन्याय गर्ने जमिन्दारको विरोध गर्नु र शोषितको पक्षमा उभिनु उहाँहरूको मुख्य विशेषता मानिन्छ ।

दिनाभद्रीसँग सम्बन्धित सबैभन्दा रोचक पक्ष भनेको उहाँहरूको लोकदेवताका रूपमा हुने पूजा हो । मधेसका धेरै गाउँमा देवीदेवताका पूजामा दिनाभद्रीको नाम अनिवार्य रूपमा स्मरण गरिन्छ । उहाँहरूले कुस्ती खेलेको भनिने अखडा, मारिएको भनिने कटैया क्षेत्र र त्यहाँ बनेको मन्दिर आज पनि स्थानीय आस्थाको केन्द्र बनेका छन् ।

इतिहासविद् डा पिताम्बरलाल यादवका अनुसार दिनाभद्रीको मृत्युबारे फरक-फरक कथन पाइन्छ । एक कथामा उहाँहरूलाई जादुटुनाको सहायताले जङ्गलमा मारिएको उल्लेख छ भने अर्को कथामा शिकार खेल्ने क्रममा भएको रहस्यमय घटनामा उहाँहरूको मृत्यु भएको भनिन्छ । यी कथाहरू आज पनि मुसहर समुदायले गीतमार्फत गाउने गर्छन् ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानले केही वर्षअघि दिनाभद्रीसम्बन्धी लोकगाथाको छायाङ्कन गरी पुस्तकसमेत प्रकाशन गरेको थियो । त्यसपछि संरक्षण, अनुसन्धान र प्रचारप्रसारको काम प्रभावकारी रूपमा अघि नबढेको साहित्यकार तथा पत्रकार श्यामसुन्दर यादवको गुनासो छ । उहाँका अनुसार दिनाभद्रीको गाथा केवल मनोरञ्जनात्मक लोककथा होइन, यो सामाजिक न्याय, श्रमको सम्मान र उत्पीडनविरुद्धको सङ्घर्षको प्रतीक हो । त्यसैले यसलाई राष्ट्रिय स्तरमा संरक्षण गरी सांस्कृतिक पर्यटन र अध्ययन अनुसन्धानसँग जोड्न आवश्यक रहेको उहाँको भनाइ छ ।

यदि समयमै संरक्षण गर्न सकिएन भने मिथिलाको इतिहास, लोकसंस्कृति र दलित समुदायको सङ्घर्षलाई जीवित राख्ने यो अद्वितीय लोकगाथा सधैँका लागि हराउन सक्ने चिन्ता बढ्दै गएको उहाँ बताउनुहुन्छ । मिथिला क्षेत्रमा दिनाभद्री (मुसहर) दाजुभाइको लोकगाथा जनजनमा अति चर्चित रहेपनि आवश्यक संरक्षणको आभावमा इतिहास मर्न लागेको मुसहर समुदायका अगुवा गङ्गा सदाको गुनासो छ ।

शोषक सामन्तविरुद्ध कठोर सङ्घर्ष गरेका मुसहर समुदायका दाजुभाइ दिनाभद्रीको लोकगाथा गायन लोप हुन थालेको भन्दै यसको संरक्षणमा राज्यले ध्यान दिनुपर्ने उहाँको कथन छ । दिनाभद्रीको जन्म, मृत्यु संस्कार एवं विभिन्न घटनाहरुसँग सम्बन्धित स्थलहरुको विषयमा आवश्यक अध्ययन अनुसन्धान एवं अभिलेखीकरण हुन नसक्दा पहिचान नै लोप हुने अवस्थामा पुगेको दलित समुदायको अगुवा प्रथमलाल राम बताउनुहुन्छ ।

सप्तरी जिल्लाको जोगिया जाँजर गाउँका कालु सदा र आमा नीरसोको कोखबाट जन्मिएका दुई दाजुभाइ दिना र भद्री अन्याय, अत्याचार, शोषण दमनविरुद्ध सङ्घर्ष गरेकै कारण मिथिला क्षेत्रका हरेक समुदायका बीच लोकदेवताको रुपमा पूजित छन् । पूर्वी क्षेत्रका सप्तरी, सिरहा, सुनसरी, मोरङग, झापासहितका जिल्लाको विभिन्न गाउँहरुमा मुसहर जातिको बसोबास रहेको छ ।

शिकार रहँदै आएका दिनाभद्रीसँग सम्बन्धितस्थलहरुको केही वर्षअघि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान काठमाडौंले छायाङ्कन गरेर केही पाठ्य सामग्रीहरु प्रकाशन गरेको प्रतिष्ठानका पूर्वसदस्य डा सुर्य यादवको भनाइ छ । दिनाभद्री जन्मस्थान सप्तरीको बोदे बसाइन नगरपालिकाको जोगियाँ जाँजरमा उहाँहरु कुस्ती भिडेको स्थान अझै रहेको छन् भन्ने उहाँहरु मारिएको स्थान कटैयाँमा दिनाभद्रीको मन्दिर बनाएर पूजाआजा गर्दै आएको छ ।

–दिनाभद्रीसँग सम्बन्धित लोकगाथा (महराइ)को छायाङ्कन भइसकेको छ, प्रतिष्ठानका सदस्य यादव भन्नुहुन्छ, “दिनाभद्रीको लोकगाथा गायक सातैन रामको गायनको पनि छायाङ्कन सम्पन्न भइसकेको छ, त्यही आधारमा पुस्तक पनि प्रकाशन गरेका छौं ।” प्रकाशन भएको पाठ्य सामग्री लुम्बिनी संस्कृति विश्वविद्यालयमा अध्ययन अध्यापनसमेत भइरहेको उहाँको भनाइ छ ।

प्रतिष्ठानले मिथिला लोक विभूति दिनाभद्री गाथाको सन्दर्भमा मिथिला क्षेत्रका विद्वानहरुको बीचमा अन्तरक्रियासमेत चलाएको थियो । “तर पछिल्लो केही समययता न त दिनाभद्रीको गाथाको बारेमा चर्चा हुन् नसकेको छ न त राज्यको तर्फबाट संरक्षणको कुनै पहल नै हुन सकेको छ”, प्रतिष्ठानका सदस्य डा यादव भन्नुहुन्छ “ जसका कारण दिनाभद्री लोकगाथा लोप हुनसक्ने सम्भावना छ ।” भावी पुस्तामा दिनाभद्री लोकगाथा बारे अनभिज्ञ हुन सक्ने उहाँको चिन्ता छ ।

बाल्यकालदेखि नै दुवै दाजुभाइ वीर एवं साहसी थिए । कुश्ती खेल्नमा सिपालु रहनुका साथै सामाजिक न्यायका सच्चा पहरेदारको रुपमा प्रस्तुत भएका कारण उहाँहरुको वीरताको चर्चा त्यतिबेला जनजनमा चलेको इतिहासविद् डा यादवले बताउनुभयो । उहाँ भन्नुहुन्छ, “लोकगाथामा उल्लेख भएअनुसार दाजु दिना र भाइ भद्रीले पाँच मनको कोदालो चलाउने गर्दथे, दुवै दाजुभाइ सामन्ती प्रथाका कट्टर विरोधी थिए ।” गिरहत (मालिक)को ‘जी हजुरी’ नगरी स्वतन्त्र रुपमा मजदुरी गर्नका लागि मुसहर समुदायलाई प्रेरित गर्ने कामसमेत गर्ने गरेको पाइएको उहाँको भनाइ छ ।

मजदुरमाथि दमन शोषण गर्ने वा काम गराएर ज्याला नदिनेविरुद्ध जाइलाग्ने गरेका कारण उत्पीडित समुदायहरु जगरुक हुँदै अन्याय, अत्याचारको विरुद्ध जुटेको इतिहासविद् डा यादवको कथन छ । दिना र भद्रीको विवाह सप्तरीको बरहा गाउँका फुकन सदाकी छोरीहरु हंसा र संभ्रासँग भएको थियो । दाजुभाइ मारिएको ठाउँलाई मरौटी, मारिएपछि उठाएर राखिएको ठाउँलाई रखौटी र हिन्दू परम्पराअनुसार दाहसंस्कार गरिएको ठाउँलाई जरौटी भन्ने गरिन्छ । कहींकतै अन्याय अत्याचार भएपछि अहिले पनि दिनाभद्री दाजुभाइलाई सम्झिने गरिन्छ ।

दिनाभद्री जन्मको विषयमा कतै ठोस किटान भएको पाइँदैन । यद्यपि उहाँहरु राजा सलहेशका समकालीन हुन् भन्ने अनुमान गरिन्छ । विभिन्न ऐतिहासिक तथ्य एवं लोकगाथामा उल्लेख भएका विषयवस्तु, घटना, परिवेश तथा उल्लेखित गतिविधिका आधारमा दुवै दाजुभाइ मध्यकालीन भएको सहज रुपमा अनुमान गर्न सकिन्छ ।

शोषण, दमन, अन्याय अत्याचारविरुद्ध चालेका साहसिक कदम तथा क्रियालापहरुका कारण आज पनि दिनाभद्री मधेसमा देवताको रुपमा पूजित छन् । सप्तरी सिरहालगायतका मधेसका जिल्लाहरुमा देवीदेवताको पूजा गर्ने बेलामा दिनाभद्रीको पूजा अनिवार्य हुने गरेको दलित अगुवा बद्री सदाको कथन छ ।

दिनाभद्रीको मृत्युको विषयमा दुई मत रहेको पाइन्छ । पहिलो मतअनुसार बुधनी धमियाइनले उहाँहरुलाई जादुटुना गरी सप्तरीको कटैया जङ्गलमा मार्न लगाइन् । त्यसपछि दिनाभद्रीका आमा निरसोले बघेश्वरी भगवतीलाई पूजा गरी खुसी पारेर धमियाइनलाई पनि मार्न लगाइएको छ ।

मुसहर समुदायहरु अहिले पनि गीत गाउँदा उक्त घटना सम्झिने गरेको सदाको भनाइ छ । दिनाभद्री आफ्नो मामा बहोरनलाई साथमा लिएर शिकार खेल्नका लागि कटैया जङ्गलतिर गएको र वनभित्र पुगेपछि एउटा पोटरा (खास प्रकारको बँदेल) अगाडि आएको देखेपछि भद्रीले धनुवाण चलाई त्यसलाई त्यही मारी दिए तर राजासलहेसले पुनर्जीवन दिएको र त्यही जीवित बँदेलले दिनाभद्रीलाई घाइते पारी मारी दियो अर्को मत रहेको छ ।

जोगिया जाँजरदेखि पूर्वतिरको गाउँ नेंगरा बैरियाका जीवन सदाले दुवै मृतकको क्रियाकर्म गरेको लोकगाथामा उल्लेख छ । त्यस्तै जोगियामा दिनाभद्रीको मन्दिरसमेत निर्माण गरिएको छ । जहाँ प्रत्येक वर्ष ठूलो मेलासमेत लाग्दै आएको बोदे बर्सान नगरपालिका-२ का वडाध्यक्ष रामप्रसाद राम बताउनुहुन्छ । “दिनाभद्रीले कुस्ती खेल्ने स्थानलाई संरक्षित गरेर त्यहाँ मन्दिर र धर्मशाला निर्माण गरिएको छ”, वडाध्यक्ष राम भन्नुहुन्छ, “स्थानीय सरकारबाट पनि सहयोग गरिरहेका छौं ।” दिनाभद्री हाम्रो धरोहर र इतिहास भएकाले संरक्षणका लागि तीनै तहको सरकारबाट सहयोग आवश्यक रहेको उहाँको भनाइ छ ।

शोषण दमन र अत्याचारविरुद्ध कठोर सङ्घर्ष गरेका दिनाभद्री स्थलको संरक्षण सम्वर्द्धन गरिए अध्ययन अनुसन्धानको थलो बन्न सक्ने निश्चित छ । तर सरकारी पक्षको हालसम्म ध्यानाकर्षण हुन नसकेको स्थानीयहरुको गुनासो छ ।

दिनाभद्रीको कठोर सङ्घर्षको सम्मान गर्दै राज्यले राष्ट्रिय विभूति घोषणा गर्नुका साथै हुलाक टिकट प्रकाशनमा ल्याउनुपर्ने माग स्थानीय बुद्धिजीवीहरुको रहेको छ । साथै, दिनाभद्री क्षेत्रको संरक्षण सम्वर्द्धन गरी पर्यटकीय तथा अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गर्नु आवश्यक रहेको उहाँहरुको भनाइ छ ।

# भोटेकोशी बाढी: ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता

काठमाडौँ, २२ भदौ (रासस) ।

रसुवाको भोटेकोशीमा गएको बाढीमा परेर ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता भएका छन् ।

पर्यटन विभागले दिएको जानकारीअनुसार यही भदौ १० गते भोटेकोशीमा गएको बाढीमा परेर ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता भएका हुन् । पर्यटन विभागका सूचना अधिकारी सुरज घिमिरेले विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका पर्यटक बेपत्ता भएको जानकारी दिनुभयो ।

बेपत्ता भएका विदेशी पर्यटकमध्ये २५६ पुरुष, ३२९ महिला र दुई अन्य रहेका छन् । बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतका रहेका छन् । विभागले दिएको जानकारीअनुसार भारतका १८४ नागरिक बेपत्ता भएका छन् । यसबाहेक अष्ट्रेलियाका ३३, बेलारुसका दुई, क्यानडाका ३०, फिनल्यान्डका एक, फ्रान्सका चार, जर्मनीका आठ, हङ्गेरीका एक, आइरिसका दुई, इजरायलका एक, लिथ्वानियाका एक, मलेसियाका ५५ र नेदरल्यान्डका दुईजना बेपत्ता भएका छन् ।

यस्तै, न्युजिल्यान्डका पाँच, पोर्चुगलका दुई, रसियाका आठ, सिङ्गापुरका नौ, दक्षिण अफ्रिकाका छ, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६७, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्विडेनका एक जना बेपत्ता भएका छन् । यसैगरी, लाटभियाका ३३, स्विजरल्यान्डका एक, इटलीका दुई, चीनका २६, भियतनामका एक, इस्टोनियाका एक र पोल्यान्डका दुई पर्यटक बेपत्ता भएका छन् ।

उक्त बाढीमा परेर नेपालका १८८ पर्यटक बेपत्ता भएका छन् । विभागका अनुसार बेपत्ता हुनेमा १६१ पुरुष र २७ महिला रहेका छन् । बेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रुपमा गएका र कैलाश मानसरोवर तथा गोसाइँकुण्ड घुम्न गएका नेपाली रहेको विभागका सूचना अधिकारी घिमिरेले बताउनुभयो ।

सरकारले विपद्का बीच उद्धार कार्य पनि जारी राखेको छ । हालसम्म ३०७ विदेशी पर्यटकको सफल उद्धार गरिएको विभागले जनाएको छ । उद्धार भएकामध्ये २५४ पुरुष र ५३ महिला रहेका छन् । यसैगरी, बाढीपछि सम्पर्कविहीन भएकामध्ये सात जना (दुई पुरुष, चार महिला र एक अन्य) हाल सम्पर्कमा आएका छन् । स्थानीय प्रशासन र सुरक्षा निकायले बेपत्ता भएकाको खोजी र राहत कार्यलाई तीव्रता दिएका छन् ।

## विश्व समाचार

### होर्मुज जलडमरूमध्य नजिक नयाँ निषेधित क्षेत्र घोषणा गर्ने इरानको तयारी

कायरो, २२ भदौ (रासस/एपी) ।

इरानले होर्मुज जलडमरूमध्य हुँदै आवतजावत गर्न खोज्ने पानीजहाजलाई लक्षित गर्दै जलडमरूमध्य बाहिर नयाँ ‘निषेधित क्षेत्र’ घोषणा गर्ने तयारी गरेको जनाएको छ । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का नयाँ प्रमुख मोहसेन रेजाईले आइतबार सरकारी सञ्चारमाध्यममार्फत यस्तो जानकारी दिनुभयो । उहाँका अनुसार आगामी केही दिन वा साताभित्र उक्त क्षेत्र घोषणा गरिनेछ । रेजाईका अनुसार निषेधित क्षेत्र अमेरिकी नौसैनिक नाकाबन्दीको सीमाबाट सुरु भएर होर्मुज जलडमरूमध्यतर्फ फैलिनेछ र त्यस क्षेत्रबाट फारसको खाडीतर्फ पनि विस्तार हुनेछ । उहाँले होर्मुज जलडमरूमध्य पार गर्ने उद्देश्यले उक्त क्षेत्रमा प्रवेश गर्ने र पहिचान हुने कुनै पनि पानीजहाजलाई इरानको प्रतिबन्ध सूचीमा राखिने चेतावनी दिनुभयो ।

यद्यपि, इरानले उक्त क्षेत्रको सीमा कहाँबाट सुरु हुने भनेर स्पष्ट गरेको छैन । अमेरिकी नाकाबन्दी इरानी बन्दरगाहलाई लक्षित गर्दै इरानलाई तेल निर्यात गर्नबाट रोक्ने उद्देश्यले सञ्चालन भइरहेको बताइएको छ । अमेरिकी सेनाका अनुसार नाकाबन्दीलाई २० भन्दा बढी युद्धपोतले सहयोग गरिरहेका छन् । आइतबारसम्म उक्त नाकाबन्दीका कारण ९२ वटा व्यापारिक पानीजहाजको मार्ग परिवर्तन गरिएको र तीनवटा पानीजहाजलाई सञ्चालन गर्न नसक्ने बनाइएको जनाएको छ । अमेरिका र इरानबीचको तनाव बढिरहेका बेला पछिल्लो घोषणा आएको हो । वार्ता विफल भएपछि अमेरिकाले इरानमाथि थप आर्थिक दबाब सिर्जना गर्ने उपायहरू अघि बढाइरहेको छ ।

यसैबीच, इरानले होर्मुज जलडमरूमध्य पार गर्न खोज्ने केही पानीजहाजमाथि आक्रमण जारी राखेको छ । विश्वको महत्वपूर्ण तेल ढुवानी मार्गमध्ये एक रहेको होर्मुज जलडमरूमध्य अहिले जारी युद्धमा इरानका लागि महत्वपूर्ण रणनीतिक दबावको माध्यम बनेको छ । इरानी सरकारी सञ्चारमाध्यमले आइतबार होर्मुज जलडमरूमध्य प्रवेश गर्न खोजेको एउटा मानवरहित अमेरिकी पानीजहाजमाथि आक्रमण गरेको दाबी गरेको थियो । तर अमेरिकी सेनाले उक्त दाबीलाई पूर्ण रूपमा झुटो भन्दै अस्वीकार गरेको छ । इरान र अमेरिकाबीचको पछिल्लो तनाव फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि सुरु भएको युद्धसँग जोडिएको छ ।

### शान्ति वार्ता पुन: सुरु गर्ने विषयमा अमेरिका-युक्रेनबीच छलफल

किएभ, २२ भदौ (रासस/सिन्हवा) ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी विशेष दूत स्टिभ विट्कफ र जारेड कुशनरसँग भएको वार्ता अत्यन्तै सार्थक र महत्वपूर्ण रहेको बताउनुभएको छ । आइतबार भएको भेटवार्तापछि पत्रकारहरूसँग कुरा गर्दै जेलेन्स्कीले रुस-युक्रेन द्वन्द्व समाधानका लागि रोकिएको शान्ति वार्ता पुन: सुरु गर्ने विषयमा महत्वपूर्ण छलफल भएको जानकारी दिनुभयो । साथै युक्रेनका लागि सुरक्षा तथा आर्थिक प्रत्याभूति र आगामी जाडो मौसमका लागि आवश्यक सहयोगबारे पनि कुराकानी भएको उहाँले बताउनुभयो । जेलेन्स्कीले युक्रेनले हवाई प्रतिरक्षा तथा ऊर्जा क्षेत्रमा थप सहयोगको अपेक्षा गरेको उल्लेख गर्नुभयो । साथै अमेरिकी तरलीकृत प्राकृतिक ग्यासको पर्याप्त आपूर्ति र त्यसको उपयोगका सम्भावनाबारे पनि आफूहरूले आशा राखेको उहाँले बताउनुभयो । वार्ताको तेस्रो चरणमा बेलायत, फ्रान्स र जर्मनीसहित केही युरोपेली मुलुकका प्रतिनिधिहरू पनि सहभागी भएका थिए । आगामी दिनमा शान्ति वार्तालाई निरन्तरता दिने उद्देश्यले पुन: बैठक बस्ने सहमति भएको जेलेन्स्कीले जानकारी दिनुभएको छ ।

उहाँले युक्रेन, अमेरिका र रुसबीच रोकिएको त्रिपक्षीय वार्ता पुन: सुरु गर्ने प्रयासलाई पनि अघि बढाइएको बताउनुभयो । यस्तो वार्ताले द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । अमेरिकी विशेष दूत विट्कफले पनि मस्कोमा भएको वार्ताका क्रममा महत्वपूर्ण प्रगति हासिल भएको बताउनुभएको छ । उहाँले युक्रेन, अमेरिका र रुसबीचको त्रिपक्षीय वार्ता छिट्टै घोषणा हुने आशा व्यक्त गर्नुभयो । विट्कफ र कुशनर आइतबार युक्रेन पुगेका हुन् । युक्रेन भ्रमणअघि उनीहरूले मस्कोमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्नुभएको थियो । रुस-युक्रेन द्वन्द्व अन्त्य गर्ने प्रयासस्वरूप युक्रेन, अमेरिका र रुसका प्रतिनिधिमण्डलबीच यसअघि अबुधाबीमा दुई चरण र जेनेभामा एक चरण त्रिपक्षीय वार्ता भएको थियो । तर पछिल्लो समय ती वार्ता रोकिएका छन् ।

### खाडी क्षेत्रले सुरक्षा मामिलामा आत्मनिर्भर बन्नुपर्छ : कतार

आबुधाबी, २२ भदौ (रासस/एएफपी) ।

खाडी राष्ट्रहरूले आफ्नो सुरक्षाका लागि संयुक्त राज्य अमेरिका वा अन्य अन्तरराष्ट्रिय गठबन्धनमा मात्र निर्भर रहन नसक्ने र सुरक्षा क्षेत्रमा अझ बढी आत्मनिर्भर बन्नुपर्ने कतारको विदेश मन्त्रालयका प्रवक्ताले सोमबार बताउनुभएको छ । संयुक्त अरब इमिरेट्स (यूएई) को राजधानी आबुधाबीमा आयोजित ‘हिली फोरम’ मा बोल्दै प्रवक्ता माजिद अल-अन्सारीले खाडी क्षेत्रमा अन्तरराष्ट्रिय सेनाको उपस्थिति र अमेरिकासँगको रणनीतिक गठबन्धन महत्वपूर्ण भए पनि त्यसले मात्र क्षेत्रको सुरक्षा सुनिश्चित गर्न नसक्ने बताउनुभयो । “हामीलाई हाम्रा साझेदार र सहयोगीहरूको आवश्यकता छ । तर आफ्नो सुरक्षाका लागि हामी उनीहरूमा मात्र निर्भर रहन सक्दैनौं”, उहाँले भन्नुभयो । उहाँका अनुसार सुरक्षा क्षेत्रमा आत्मनिर्भरता नै अघि बढ्ने मुख्य बाटो हो ।

कतार अमेरिका-इरान द्वन्द्वमा प्रमुख मध्यस्थकर्ताका रूपमा सक्रिय रहँदै आएको छ । यस क्रममा उसले आफ्ना ऊर्जा पूर्वाधारलाई लक्षित गरी इरानबाट भएका आक्रमणसमेत सामना गरेको छ । सानो तर धनी ग्यास उत्पादक राष्ट्र कतारले मध्यपूर्वमा रहेको अमेरिकाको सबैभन्दा ठूलो सैन्य आधारमध्ये एकलाई आश्रय दिँदै आएको छ । द्वन्द्वका क्रममा इरानले अमेरिकी आक्रमणको जवाफमा अमेरिकी सैन्य आधार तथा क्षेत्रका ऊर्जा पूर्वाधारलाई लक्षित गर्दै आक्रमण गरेको छ ।

# धनुषा र पर्सामा बाढी प्रभावितको उपचारका रगत संकलन

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २२ भदौ ।**

बाढीपहिरोबाट घाइते तथा प्रभावितको उपचारमा रगतको अभाव हुन नदिन धनुषा र पर्सामा रगत संकलन गरिएको छ ।

सो क्रममा धनुषाको ढल्केबरमा २२५ पोका रगत सङ्कलन गरिएको छ । बाढी प्रभावित क्षेत्रमा रगतको आवश्यकता बढिरहेको र अस्पतालमा रगत अभाव देखिन थालेपछि मानवीय सेवाको भावनासहित ढल्केबरमा आयोजित बृहत् रक्तदान कार्यक्रममा २२५ पोका रगत सङ्कलन गरिएको हो ।

आइतबार २९ महिला र १९६ पुरुषले रक्तदान गरिएको छ । आयोजकका अनुसार मधेश प्रदेशमा एउटै रक्तदान कार्यक्रममा यति ठूलो परिमाणमा रगत सङ्कलन भएको यो अहिलेसम्मकै उच्च परिमाण हो ।

रक्तदान गर्न स्थानीयवासी मात्र होइन, व्यवसायी, युवा, सामाजिक सङ्घसंस्थाका प्रतिनिधिलगायत विभिन्न क्षेत्रका व्यक्ति उत्साहका साथ सहभागी थिए ।

नेपाल रेडक्रस सोसाइटी धनुषा र ब्लड फोर नेपालको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा सङ्कलन गरिएको रगतले उपचारका क्रममा रगत आवश्यक पर्ने बिरामीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

ढल्केबरमा यसपटक केवल रगतको सङ्कलन भएन, मानवीय संवेदना, सामाजिक एकता र सहयोगको भावना ठूलो मात्रामा सङ्कलन भएको स्थानीयले बताएका छन् ।

यस्तै रसुवा बाढी प्रभावितको उपचारका लागि वीरगञ्जस्थित विभिन्न सङ्घ/संस्थाले १७९ पिन्ट रगत सङ्कलन गरेका छन् । नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा आयोजना गरिएको रक्तदान कार्यक्रम ६८ पिन्ट रगत सङ्कलन गरिएको छ ।

रोटर्याक्ट क्लब अफ नेशनल मेडिकल कलेजको आयोजनामा तथा नेशनल मेडिकल कलेज ब्लड बैंकको सहकार्यमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो । रक्तदान अभियानमा चिकित्सक, स्वास्थ्यकर्मी, शिक्षक, कर्मचारी, विद्यार्थी, स्वयंसेवक तथा विभिन्न क्षेत्रका सहभागीले रक्तदान गरेका थिए ।

बैंक तथा वित्तीय क्षेत्रमा कार्यरत १११ जना कर्मचारीले सामाजिक उत्तरदायित्व तथा मानवीय सेवामा जोड्ने उद्देश्यले रक्तदान गरे । वीरगञ्ज बैंकर्स ग्रुपले आयोजना गरेको कार्यक्रममा १० जना महिलासहित १११ जनाले रक्तदान गरेका आयोजक संस्थाले जानकारी दिएको छ ।

## *जेनजी आन्दोलनको ...*

बोदेवसाईनमा १० लाख, सुरुंगा नगरपालिका कार्यालयमा ९ लाख र डाक्नेश्वरी नगरपालिका वडा नम्बर १० को कार्यालयमा ८ लाख बराबरको क्षती भएको थियो ।

बोदेवसाईन नगरपालिकाको वडा नम्बर ९ को कार्यालयमा ५ लाख, तिरहुत गाउँपालिका कार्यालयमा ४ लाख, राजविराज नगरपालिका वडा नम्बर ८ को कार्यालयमा ३ लाख ७३ हजार तथा उच्च अदालत सुरक्षा गार्ड कार्यालयमा ३ लाख ५० हजार बराबरको क्षती भएको छ ।

शम्भुनाथ नगरापालिका कार्यालयमा ३ लाख ९५ हजार, अस्थायी ट्राफिक पोष्ट कदमहामा २ लाख ५० हजार, राजविराज नगरपालिका वडा नं. ३ को कार्यालयमा २ लाख ५० हजार बोदेबसाईन नगरपालिकाको ७ नं. वडा कार्यालयमा २ लाख, तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालयमा १ लाख ४४ हजार, अग्नीसाईर कृष्णा सवरण गाउँपालिकाको कार्यालयमा १ लाख ५० हजार र खडक नगरपालिकाको ७ नं. वडा कार्यालयमा १ लाख १२ हजार मुल्य बराबरको सम्पती नष्ट भएको थियो ।

यस्तै बलानविहुल गाउँपालिकाको कार्यालयमा १ लाख ५५ हजार, इलाका प्रहरी कार्यालय कल्याणपुरमा १ लाख, हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालयमा ५० हजार र प्रहरी चौकी मौवाहामा ३५ हजार मुल्य बराबरको क्षती भएको प्रहरीले खडा गरेको क्षतिग्रस्त संरचनाको लगत विवरणले देखाएको थियो ।

आन्दोलनकै क्रममा डिभिजन वन कार्यालय सप्तरीमा आगजनी, तोडफोडपछी लुटपाटबाट १ करोड ७१ लाख ८१ हजार ९ सय ४० रुपैयाँ मुल्य बराबरको क्षति भएको थियो । आगजनीबाट ७० लाख रुपैयाँ बराबरको भवन पूर्ण रुपमा क्षति भएको थियो ।

यस्तै जिल्लाको विभिन्न स्थानमा रहेको प्रहरी कार्यालय र युनिटमा भएको तोडफोड र आगजनीबाट ३१ लाख ८५ हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्लाका राजनीतिक दलका पार्टी कार्यालय, नेता र जनप्रतिनिधिको घरमा समेत आक्रमण, तोडफोड र आगजनी गरी क्षति पुर्याइएको थियो । जिल्लाको विभिन्न स्थानमा नेपाली काँग्रेस, नेकपा एमाले, जसपा नेपाल, जनमत पार्टी, नेकपा एस, नेकपा माओवादी केन्द्रलगायतको पार्टी कार्यालयका साथै केही नेता, जनप्रतिनिधिहरुको घरमा पनि तोडफोड र आगजनी गरी एक करोड भन्दा बढीको क्षति पुगेको थियो ।

सप्तरी प्रहरीको तथ्याङ्क अनुसार आन्दोलनको क्रममा राजविराजस्थित नेकपा एमालेको जिल्ला पार्टी कार्यालयमा तोडफोड र आगजनीबाट सर्वाधिक ३२ लाख ६२ हजार ५ सय मुल्य बराबरको सम्पती नष्ट भएको थियो ।

जनमत पार्टीको जिल्ला कार्यालयमा १७ लाख २८ हजार सात सय ५० र कञ्चनरुप नगरपालिकास्थित नेकपा एमाले पार्टी कार्यालयमा १४ लाख ५३ हजार पाँच सय रुपैयाँको क्षति भएको थियो ।

राजविराजस्थित जसपा नेपालको जिल्ला पार्टी कार्यालयमा १० लाख ६३ हजार सात सय ६५ तथा कञ्चनरुप नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ताको घरमा भएको तोडफोड र आगजनीबाट १० लाख रुपैया बराबरको सम्पति नष्ट भएको थियो ।

नेकपा माओवादी केन्द्रको जिल्ला पार्टी कार्यालयमा पाँच लाख ५० हजार तथा नेपाली कांग्रेसको जिल्ला पार्टी कार्यालयमा ४ लाख ४१ हजारको सम्पती तोडफोड र आगजनी गरी नष्ट भएको थियो ।

यस्तै माओवादी नेता एवं पूर्व मन्त्री उमेश यादवको घरमा तोडफोड बाट ५ लाख, एमाले नेता सुमन प्याकुरेलको घरमा एक लाख ४१ हजार र सप्तकोशी नगरपालिकाका नगरप्रमुख कृष्ण ढकालको घरमा भएको तोडफोडबाट पाँच हजार गरी कुल १ करोड एक लाख ४५ हजार १५ रुपैयाँ मुल्य बराबरको क्षति भएको प्रहरी तथ्यांकले देखाएको थियो ।

भदौ २५ गते राजविराजस्थित सप्तरी कारागार कार्यालयको पर्खाल फोडेर कैदीहरु फरार भएका थिए ।


## राजबिराज नगरपालिका
### १ नं.वडा कार्यालय
### राजबिराज,सप्तरी
### मधेश प्रदेश,नेपाल

प.स. २०८३/०८४
च.न. १६०

मिती :–२०८३।०५।१८

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने **नरेश ठाकुर ले** तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८३।०५।१८ गते मा द.न.२२७ को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले १५.दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.२ हाल १ बस्ने **भुवनेश्वर ठाकुर** नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | १क | ७० | ०-२-२ |
| सप्तरी | मलेठ | ७क | ६७१ | ०-४-१७ |
| सप्तरी | मलेठ | ७क | ६७३ | ०-४-१५ |
| सप्तरी | मलेठ | ७क | ६७५ | ०-३-१ |
| सप्तरी | मलेठ | ७क | ८८२ | ०-५-५.५ |

जिल्ला सप्तरी रा.बि.न.पा.२ हाल १ बस्ने **त्रिपुरा देवी ठाकुर मैथिल** नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | १ख | १८७ | ०-३-१४ |
| सप्तरी | चनौरा पडरीया | १ख | २६३ | ०-१-१० |
| सप्तरी | चनौरा पडरीया | १ख | २८२ | ०-०-१ |
| सप्तरी | चनौरा पडरीया | १क | २८६ | ०-०-१४.५ |
| सप्तरी | चनौरा पडरीया | १ख | २२५ | ०-१-१ |
| सप्तरी | चनौरा पडरीया | १ख | २९७ | ०-०-९.५ |


# वर्षान्तको बजेट खर्च रोक्ने मधेसको नयाँ परीक्षण

**अजयकुमार साह**
धनुषा, २२ भदौ (रासस) ।

मधेस प्रदेशमा विकास बजेट खर्च गर्ने पुरानो शैली परिवर्तन गर्ने प्रयास सुरु भएको छ । आर्थिक वर्षको अधिकांश समय विकास निर्माणका योजना अलपत्र राख्ने र असारमा आएर बजेट सक्नकै लागि धमाधम काम गर्ने प्रवृत्ति अन्त्य गर्ने उद्देश्यले प्रदेश सरकारले यस वर्ष आर्थिक वर्षको सुरुदेखि नै बजेट कार्यान्वयनमा लैजाने नीति लिएको छ ।

प्रदेशको अर्थ मन्त्रालयले सबै मन्त्रालयलाई बजेट कार्यान्वयनका लागि अख्तियारी उपलब्ध गराएपछि अब विकास आयोजनाको प्रक्रिया भदौबाटै अघि बढाउन बाटो खुलेको छ । मन्त्रालयहरूले योजना तयारी, लागत अनुमान, बोलपत्र आह्वान र ठेक्का प्रक्रियालाई सुरुदेखि नै अघि बढाउन सक्नेछन् । प्रदेश अर्थ मन्त्रालयको वेबसाइटमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन, विनियोजन ऐन, रातो किताब र वार्षिक विकास कार्यक्रमसमेत सार्वजनिक गरिएको छ ।

मधेस प्रदेशमा मात्र होइन, देशका धेरै सरकारी निकायमा आर्थिक वर्षको अन्त्यतिर विकास खर्च बढ्ने प्रवृत्ति पुरानै समस्या हो । वर्षको सुरुबातमा बजेट विनियोजन भए पनि योजना कार्यान्वयनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया ढिला हुने गर्छ । त्यसपछि आर्थिक वर्ष सकिन लाग्दा बजेट खर्च गर्ने दबाब बढ्छ ।

यही दबाबले जेठ र असारमा सडक, नाला, भवन, कल्भर्टलगायतका काम एकैपटक अघि बढ्ने गरेका छन् । काम सम्पन्न गर्ने समय छोटिँदै जाँदा अनुगमन कमजोर हुने र निर्माणको गुणस्तरमा सम्झौता हुने जोखिम बढ्छ । अर्थमन्त्री युवराज भट्टराईका अनुसार विगतमा अर्थ मन्त्रालयले बजेट बनाउने तर मन्त्रालयहरूले समयमै बजेट प्राप्त नगर्ने गुनासो आउने गरेको थियो । अब भने विनियोजित बजेट कार्यान्वयनका लागि सुरुदेखि नै उपलब्ध गराउने व्यवस्था गरिएको छ । अर्थमन्त्री भट्टराई भन्नुभयो, "अब विगतमा जस्तो आर्थिक वर्षको अन्त्यमा हतारहतारमा विकास निर्माणको काम गर्नुपर्ने अवस्था हुँदैन ।"

कुनै आयोजना कार्यान्वयनका लागि बजेटबाहेक विस्तृत अध्ययन, लागत अनुमान, प्राविधिक डिजाइन, जग्गा तथा वातावरणीय पक्ष, बोलपत्र कागजात, ठेक्का सम्झौता र निर्माण व्यवसायीको परिचालनजस्ता धेरै चरण पार गर्नुपर्छ । यीमध्ये कुनै एक चरणमा ढिलाइ भयो भने सुरुमै बजेट उपलब्ध भए पनि आयोजना असारसम्म धकेलिन सक्छ ।

मधेस प्रदेशको नयाँ अभ्यासको वास्तविक परीक्षा अर्थ मन्त्रालयले बजेट खुला गरेको दिनभन्दा मन्त्रालयहरूले बोलपत्र कहिले निकाल्छन्, सम्झौता कहिले गर्छन् र निर्माणस्थलमा काम कहिले सुरु हुन्छ भन्नेमा निर्भर हुनेछ । यसपटक प्रदेश सरकारले विकास निर्माणका काम बोलपत्र प्रक्रियामार्फत अघि बढाउने नीतिले उपभोक्ता समितिमार्फत गरिने साना-साना योजनाको विकल्प खोजेको देखिन्छ ।

चालु आर्थिक वर्षको बजेटमा एक करोड रुपियाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिइएको छ । प्रदेश सभाबाट पारित बजेटमा यस्तो व्यवस्था गरिनुको एउटा प्रमुख कारण टुक्रे योजनाको संख्या घटाउनु र सीमित स्रोतलाई ठूला तथा परिणाममुखी आयोजनामा केन्द्रित गर्नु हो । विगतमा साना योजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्दा योजना छनोटदेखि भुक्तानीसम्म अनियमितता र कमिसनको खेल हुने गरेको आरोप लाग्दै आएको थियो ।

एक करोडको सीमा र बोलपत्र प्रणालीले यस्ता सम्भावना घटाउने अपेक्षा गर्न सकिन्छ तर यसलाई आफैँमा भ्रष्टाचार नियन्त्रणको पूर्ण उपाय मान्न भने सकिँदैन । प्रणालीसँगै ठेक्का व्यवस्थापन, प्राविधिक अनुगमन, सार्वजनिक सूचना र कामको गुणस्तर परीक्षण पनि बलियो हुन आवश्यक रहेको सरोकारवाला बताउँछन् ।

प्रदेश सरकारले बोलपत्रलाई प्राथमिकता दिएपछि अर्को प्रश्न स्थानीय सहभागिताको हो । उपभोक्ता समितिबाट हुने काममा स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता हुने भएकाले कतिपय अवस्थामा साना सामुदायिक संरचना निर्माणमा त्यसको उपयोगिता देखिँदै आएको छ । तर यही माध्यमबाट योजना टुक्र्याउने, राजनीतिक पहुँचका आधारमा योजना बाँड्ने र कमिसनको आरोप लाग्ने अवस्था पनि देखिएको छ । बोलपत्रमा गएर पनि ठूला निर्माण व्यवसायीले काम ओगट्ने, समयमा सम्पन्न नगर्ने र स्थानीय आवश्यकतालाई बेवास्ता गर्ने अवस्था आयो भने मात्र प्रणाली परिवर्तनले अपेक्षित परिणाम दिन सक्दैन ।

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट ल्याएको छ । बजेट ठूलो भए पनि यसको सम्पूर्ण रकम प्रदेशको आफ्नै राजस्वबाट मात्र आउने होइन । सङ्घीय अनुदान तथा राजस्व प्राप्तिमा कमी आएमा प्रदेशको खर्च क्षमता प्रभावित हुन सक्छ । अर्थ मन्त्रालयले केही मन्त्रालयका केही शीर्षकको बजेट रोक्का राखेको जनाएको छ । स्रोतको अनिश्चितताबीच सबै बजेट एकैपटक खुला गर्दा भविष्यमा भुक्तानी व्यवस्थापनमा समस्या आउन सक्ने जोखिमलाई सरकारले ध्यान दिनुपर्ने देखिन्छ । बजेट समयमै उपलब्ध गराउने र स्रोतको सुनिश्चितता कायम गर्नेबीच सन्तुलन कायम राख्नु पनि नयाँ अभ्यासका लागि चुनौती बन्नसक्ने सम्भावना देखिन्छ ।

मधेस प्रदेशले बजेट खर्चको पुरानो अभ्यास बदल्न खोजेको छ तर विकास बजेटको सफलता खर्च प्रतिशतले मात्र मापन गर्नु अर्को पुरानो गल्ती हुनेछ । यदि भदौ महिनामै ठेक्का लाग्यो तर आयोजना वर्षौंसम्म सम्पन्न भएन भने समयमै बजेट कार्यान्वयन हुन सक्दैन ।

प्रदेश सरकारका लागि मुख्य चुनौती कति बजेट खर्च भयो' होइन, 'कति काम समयमा, गुणस्तरीय र पारदर्शी रूपमा सम्पन्न भयो भन्ने कुराले बजेको सही कार्यान्वयनलाई पुष्टि गर्दछ । खर्च बढ्यो तर सडक केही महिनामै भत्कियो, भवन प्रयोगविहीन भयो वा आयोजना नागरिकको आवश्यकताअनुसार भएन भने त्यसलाई विकासको उपलब्धि मान्न सकिँदैन ।

प्रदेश सरकारले विगतको वर्षान्तमुखी खर्च प्रणाली परिवर्तन गरी अर्थ मन्त्रालयले बजेट उपलब्ध गराउने कामसँगै मन्त्रालयहरूको कार्यसम्पादन पनि नियमित रूपमा सार्वजनिक गर्नुपर्ने देखिन्छ । मधेस प्रदेशको यो नीति बजेट खर्च गर्ने समय परिवर्तन गर्ने मात्र होइन, विकास प्रशासनको कार्यशैली परिवर्तन गर्ने अवसर पनि हो । असारको अन्तिम दिन बजेटसक्ने संस्कार तोडेर भदौदेखि नै काम सुरु गर्ने अभ्यास संस्थागत गर्न सकियो भने प्रदेशको विकास खर्चमा मात्र होइन, सार्वजनिक निर्माणको गुणस्तरमा पनि सुधार आउन सक्छ ।

## बाढीमा निधन भएकाको सम्मानमा राष्ट्रिय शोक

काठमाडौँ, २२ भदौ (रासस) ।

रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएकामा सोमबार मुलुकभर राष्ट्रिय शोक मनाइएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को यही भदौ १८ गते बसेको बैठकले भदौ १० गतेको बाढीका कारण मृत्युवरण गर्ने व्यक्तिको सम्मानस्वरुप उक्त घटना भएको १३ औं दिनको पुण्य तिथिका दिन राष्ट्रिय शोक मनाउने निर्णय गरेको थियो ।

सोही निर्णयका आधारमा कस्सोमबार मुलुकभरका सरकारी कार्यालय एवं विदेशस्थित नेपाली दूतावास र नियोगमा राष्ट्रिय झण्डा आधा झुकाई शोक मनाइएको हो ।

उक्त बाढीबाट मृत्यु भएकामध्ये एक हजार ३५५ को शव फेला परेको छ । चार हजार ९९६ जना अझै बेपत्ता छन् । मृत्यु भएकामध्ये अहिलेसम्म ९८ जनाको मात्र सनाखत भएको छ ।

हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९९७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*